# पाठ १६ यूहन्ना १६

**यस पाठमा तपाईंले यी विषयहरूको अध्ययन गर्नुहुनेछ. . .**

पवित्र आत्माको काम
शोक र आनन्द
संसारमाथि विजय

## पवित्र आत्माको काम

यूहन्ना १६:४-१५ पढ्नुहोस्।



134

आफ्ना चेलाहरूसँगको आफ्नो अन्तिम भोजमा येशूले पाँचपल्ट पवित्र आत्माका बारेमा बताउनुभयो। यूहन्ना १४:१६,१७,२६; १५:२६; १६:७-१५ पढ्नुहोस्। पहिला तीनवटा पदहरूमा पिता, येशू र पवित्र



आत्मालाई एकसाथ समावेश गरिएको छ, यसरी हामी बुझ्छौं कि तीन व्यक्तिहरू वास्तवमा एउटै परमेश्वर हुनुहुन्छ।

यहाँ अनुवाद गरिएको "सल्लाहकार" शब्द ग्रीक शब्द "पाराक्लेटबाट" आएको हो। यसको अर्थ कुनै व्यक्तिको जाँचमा उसको पक्षमा बोलिदिने सल्लाहकार वा वकिल हो। कुनै व्यक्तिलाई सहायता गर्न र सल्लाह दिनका लागि उससँग हुने व्यक्ति। पवित्र आत्माले हाम्रो निम्ति यो गर्नुहुन्छ। उहाँ हाम्रो पक्षमा बोल्नुहुन्छ। के गर्नुपर्छ भन्ने सम्बन्धमा उहाँले हामीलाई सल्लाह दिनुहुन्छ। हामीलाई सिकाउनुहुने र सबै सत्यतामा हामीलाई डोऱ्याउनुहुने सत्यका आत्मा उहाँ नै हुनुहुन्छ। उहाँले हामीलाई झूटा शिक्षकहरूबाट सुरक्षित राख्नुहुन्छ।

उहाँले संसारलाई यो अवगत गराउन चाहनुहुन्छ कि पापको कारणले यो गलत छ। हामी पापी हौं भन्ने कुरा मानिलिन हामीलाई कठिन पर्छ। परमेश्वरले हामीलाई कस्तो देख्नुहुन्छ भन्ने कुरा पवित्र आत्माले हामीलाई नदेखाउञ्जेलसम्म हामी राम्रै छौंजस्तो हामीलाई लाग्छ। तपाईंले लगाउनुभएको

कमीज वा पोशाकमा कुनै दाग लागेको देख्दा के तपाईं कहिल्यै दङ्ग पर्नुभएको छ? घरमा त त्यो सफै देखिन्थ्यो, तर बाहिरको चम्किलो ज्योतिमा तपाईंले दागहरू देख्न सक्नुभयो। पवित्र आत्माले परमेश्वरको चम्किलो ज्योति हामीहरूका हृदयमा राख्नुहुन्छ र हाम्रा पापहरू कति फोहोर छन् भन्ने कुरा हामीलाई देखाउनुहुन्छ।

---

**तपाईंको अभ्यासको निम्ति**

**१** यहाँ "सल्लाहकार" भनी अनुवाद गरिएको शब्दको ग्रीक शब्द के हो?

**क**. प्यारेन्थेसिस।
**ख**. पाराक्लेट।
**ग**. प्यारालाइसिस।

**२** पाराक्लेटको रूपमा पवित्र आत्माले के गर्नुहुन्छ?

**क**. उहाँले हामीलाई सुरक्षा, सल्लाह र सहायता दिनुहुन्छ।
**ख**. उहाँले हाम्रो निम्ति काम गर्नुहुन्छ।
**ग**. उहाँले हामीलाई दोष लगाउनुहुन्छ।

**३** हामीहरू पापी नै हौं भन्ने कुरा वास्तवमा हामी कहिले देख्न सक्छौं?

**क**. जब हामीलाई समातिन्छ।
**ख**. हामी कति धेरै खराब छौं भन्ने कुरा जब पवित्र आत्माले देखाउनुहुन्छ।
**ग**. हामी कति खराब छौं भन्ने कुरा जब कसैले भनिदिन्छ।

४ पवित्र आत्माले सधैं तपाईंलाई अगुवाइ गर्नुभएको होस् भनी उहाँसँग प्रार्थना गर्नुहोस्। तपाईंमा ठीक नभएका कुनै पनि कुरा देखाउनका निम्ति उहाँसँग बिन्ती गर्नुहोस्।

## शोक र आनन्द

यूहन्ना १६:१६-२४ पढ्नुहोस्।

प्रभुले आफूलाई छोडेर जाँदै हुनुहुन्छ भन्ने कुराको कारण चेलाहरू निराश भएका थिए। तर आफ्ना सबै विश्वासीहरूका निम्ति येशूले अचम्मको प्रतिज्ञा दिनुभयो।

> "तिमीहरूले मेरो नाउँमा पितासँग जे माग्छौ, उहाँले त्यो तिमीहरूलाई दिनुहुनेछ" (यूहन्ना १६:२३)।

यदि हामीले महत्त्वपूर्ण व्यक्तिसँग केही कुरा माग्यौं भने, हामी यसलाई प्राप्त गर्न सक्दैनौं, किनकि उनले हामीलाई चिनेका हुँदैनन्। तर यदि हाम्रो देशको मुख्य व्यक्तिको नाममा केही माग्ने अधिकार हामीलाई दिइयो भने हामीले मागेको कुरालाई तुरुन्तै दिइन्छ। आफ्ना पुत्रले मागेका कुरा परमेश्वर पिताले पूरा गरिदिनुहुनेछ। जब हामी येशूलाई हामीमा वास गर्न दिन्छौं, उहाँले प्रार्थना गर्नुहुने कुराहरूका लागि नै उहाँको नाउँमा हामी प्रार्थना गर्न सक्छौं। तब हामी उत्तरको निम्ति सुनिश्चित हुन सक्छौं।

**तपाईंको अभ्यासको निम्ति**

**५** येशूले के कुराको प्रतिज्ञा गर्नुभयो?

**क.** हामीले चाहेका सबै कुरा हामी पाउन सक्छौं।
**ख.** येशूको नाउँमा हामीले मागेका कुराहरू परमेश्वरले हामीलाई दिनुहुन्छ।
**ग.** हामी कहिल्यै निराश हुनेछैनौं।

## संसारमाथि विजय

यूहन्ना १६:२५-३३ पढ्नुहोस्।

केही घण्टाभित्रै आफूलाई पक्रिनेछ र आ-आफ्ना जीवन बचाउनका लागि सबै चेलाहरू भाग्नेछन् भनी येशूलाई थाहा थियो। के हुन लागेको छ भन्ने कुरा उहाँले तिनीहरूलाई जानकारी दिनुभयो। उहाँका दुःख-कष्टहरू र मृत्यु पराजय थिएनन् भनी तिनीहरूले जानेको उहाँ चाहनुहुन्थ्यो। तिनीहरू परमेश्वरको योजनाका भाग थिए। उहाँका कष्ट र मृत्युद्वारा नै आत्माहरूले उद्धार पाउनेथिए।

संसारले यसो भन्छः "अरूहरूलाई बिर्सिदेऊ; आफैलाई बचाऊ!" तर येशू संसारका परीक्षाहरूमाथि विजयी हुनुभयो। परमेश्वरले उहाँलाई जे गरेको चाहनुहुन्थ्यो, उहाँले सो गरिरहनुभएको थियो। जतिसुकै मूल्य चुकाउनु परे तापनि परमेश्वरले चाहनुभएको काम हामीले गर्नु संसारमाथि विजय प्राप्त गर्नु हो।

चेलाहरूले पनि अब कष्ट भोग्न आँटेका थिए। उहाँमा रहनका लागि येशूले तिनीहरूलाई याद दिलाउनुभयो र उहाँले तिनीहरूलाई सहायता पुऱ्याउनुहुनेछ। येशूका पछि लाग्नेहरू सबैले यस संसारमा समस्याहरू र संकष्टहरूका सामना गर्नुपर्नेछ तर पवित्र आत्माले हामीलाई सहायता पुऱ्याउनुहुनेछ। हाम्रो विजयताचाहिँ हामी आफैले गर्न सक्ने काममा होइन तर उहाँले हाम्रा निम्ति गर्नुहुने काममा भर पर्छ। संकष्टका समयहरूमा हामीलाई उत्साह, सामर्थ्य र शान्ति दिनका लागि उहाँ हामीसँग हुनुहुन्छ। येशूको निम्ति हामीले सहने कष्ट क्षणभरको निम्ति हो, तब हामी अनन्त आनन्दमा उहाँसँग राज्य गर्नेछौं– त्यहाँ अबदेखि उसो कहिल्यै संकष्ट हुनेछैन।

> "मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस्। संसारमा तिमीहरूलाई संकष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु" (यूहन्ना १६:३३)।

**तपाईंको अभ्यासको निम्ति**

**६** यूहन्ना १६:३३ लाई पाँचपल्ट पढ्नुहोस्।

**७** संसारले के भन्छ?

**क.** "आफूलाई बिर्सिदेऊ र अरूहरूको उद्धार गर!"
**ख.** "आफूलाई र अरूहरूलाई पनि उद्धार गर!"
**ग.** "अरूहरूलाई बिर्सिदेऊ; आफैलाई बचाऊ!"

८ येशूमा विश्वास गर्नेहरूलाई संसारले के गर्छ भनी येशूले भन्नुभयो?

क. तिनीहरूलाई शासकहरू बनाउँछ।
ख. तिनीहरूलाई संकष्ट भोग्न लगाउँछ।
ग. तिनीहरूलाई शिक्षकका रूपमा ग्रहण गर्छ।

९ येशूलाई पछ्याउनेहरूका निम्ति विजय के हो?

क. तिनीहरूले आफ्नै बाटो अपनाउनु।
ख. समस्याबाट भाग्नु।
ग. जस्तै मूल्य चुकाउनु परे तापनि परमेश्वरको इच्छा पूरा गर्नु।

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

५ ख) येशूको नाउँमा हामीले मागेका कुराहरू परमेश्वरले हामीलाई दिनुहुन्छ।

१ ख) पाराक्लेट।

७ ग) "अरूहरूलाई बिर्सिदेऊ; आफैलाई बचाऊ!"

२ क) उहाँले हामीलाई सुरक्षा, सल्लाह र सहायता दिनुहुन्छ।

८ ख) तिनीहरूलाई संकष्ट भोग्न लगाउँछ।

३ ख) हामी कति धेरै खराब छौं भन्ने कुरा जब पवित्र आत्माले देखाउनुहुन्छ।

६ ग) जस्तै मूल्य चुकाउनु परे तापनि परमेश्वरको इच्छा पूरा गर्नु।